प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर

## तह बृद्धिका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।

प्रकाशित मितिः २०८२।०३।०३

प्रदेश निजामती सेवा ऐन,२०७९ (संशोधन सहित) को दफा ३० को उपदफा (१) तथा प्रदेश निजामती सेवा नियमावली, २०८१ को नियम ५२ बमोजिम पाँचौं तहबाट छैटौं तह, सातौं तहबाट आठौं तह र नवौं तहबाट दशौं तहमा तह बृद्धिको लागि तह वृद्धि हुने तहभन्दा एक तह मुनीको पदमा यस प्रदेश अन्तर्गत मन्त्रालय र अन्तर्गतका निकाय/कार्यालयमा प्रदेश निजामती सेवाको प्रदेश प्रशासन सेवा, लेखा समूह र राजस्व समूहमा प्रदेश निजामती सेवामा कार्यरत कर्मचारीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र प्रदेश निजामती सेवा नियमावली, २०८१ को अनुसूची २० को ढाँचामा तह वृद्धिका लागि देहाय बमोजिमका स्वयं आफैले प्रमाणित गरेका कागजातहरू संलग्न राखी यस मन्त्रालयमा आवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

आवश्यक कागजातहरु

१. शुरु नियुक्ति पत्रको प्रतिलिपि ।
२. कर्मचारीको तह बृद्धि हुने पदभन्दा तल्लो तह वा पदमा नियुक्ति / बढुवा भएको पत्रको प्रतिलिपि ।
३. समायोजन भएका कर्मचारीको हकमा समायोजन पत्रको प्रतिलिपि ।
४. गयल कट्टी नभएको, सेवा निरन्तरता रहेको विभागीय कारवाहीमा नपरेको तथा अध्ययन, असाधारण र बेतलबी बिदामा नबसेको प्रमाणित हुने कार्यालयको सिफारिस पत्र ।
५. पेसा सम्बन्धी व्यवसायी परिषदले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र)।

सुशिल बास्तोला
उप सचिव
प्रशासन महाशाखा प्रमुख